# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

सूचना नं. ४१/०७४-७५

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति: २०७४/४/१०)**

यस आयोगको लागि आ.व. ०७४/७५ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा सेवाहरु शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको जिन्सी इकाई तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम, प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फारम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरी सही छाप गरी शिलबन्दी लाहाछाप लगाइ खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ। सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिइ पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ। दरभाउपत्र वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३ दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत् तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, बबरमहलको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको कार्यालय कोड २७-२१०-०१ धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

७. शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन्।

८. शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी इकाइमा आई बुझ्न सकिने छ।

१०. प्रत्येक ठेक्का नं. को फरक-फरक शिलबन्दी दरभाउपत्र कागजात खरिद गरी पेश गर्नुपर्नेछ। यस सम्बन्धी सूचना आयोगको Website: www.psc.gov.np मा हेर्न सकिनेछ। अन्य विवरण बुझ्नु परेमा यस आयोगको फोन नं. ४७७१४९२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र दस्तुर | जमानत रकम (रु.) मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७४-७५ | पिउने पानी (मिनरल वाटर) | १,०००।- | १७,२००।- | |
| २ | २/०७४-७५ | कार्यालय सरसफाई सम्बन्धी | १,०००।- | ४८,५००।- | |
| ३ | ३/०७४-७५ | चमेना गृह (क्यान्टिन सञ्चालन) | १,०००।- | ५,०००।- | |

**Website: www.psc.gov.np**